# पुथा उत्तरगंगा गाउँपालिका
# करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि-२०७९

नेपालको संविधान,२०७२ को धारा २२६ ले दिएको अधिकार प्रयोग गरी अनुसूचि-८ को क्रम सङ्ख्या-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा व्यवस्था भएअनुसार सामुदायिक विद्यालयहरुमा रिक्त रहेको प्रारम्भिक बालविकास सहजकर्ता, आधारभूत तथा माध्यमिक तहको शिक्षक, विद्यालय सहायक र विद्यालय सहयोगीहरुको करार नियुक्तिको लागि कार्य गर्न पुथा उत्तरगंगा गाउँपालिकाले करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ तयार गरी जारी गरिएको छ । यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नार प्रारम्भ :**

१. कार्यविधिको नाम "**करार शिक्षक, कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७९**" रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएपश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

**२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

- "**ऐन**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाबाट जारी भएको "शिक्षा ऐन, २०७४" सम्झनु पर्छ ।
- "**मन्त्रालय**" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।
- "**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको निकाय सम्झनु पर्छ ।
- "**शिक्षा विकास तथा समन्वय इकाई**" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको जिल्लास्तरको निकाय सम्झनु पर्छ ।
- "**गाउँपालिका**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिका सम्झनु पर्छ ।
- "**शिक्षा शाखा प्रमुख**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको शिक्षा अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनु पर्छ ।
- " **आधारभूत विद्यालय**" भन्नाले प्रारम्भिक बालविकास कक्षा देखि ८ कक्षा सम्म सञ्चालित विद्यालयलाई सम्झनु पर्छ ।
- "**माध्यमिक विद्यालय**" भन्नाले बालविकास कक्षा देखि १२ कक्षा सम्म सञ्चालित विद्यालय संरचनालाई सम्झनु पर्छ ।
- "**विशेषज्ञ**" भन्नाले आधारभूत तहका लागि प्रारम्भिक बालविकास कक्षा देखि ८ कक्षा सम्म र माध्यमिक तहका लागि कक्षा ९ देखि १२ कक्षा सम्म रिक्त पदमा करार शिक्षक नियुक्तिका लागि आधारभूत तहको लागि कम्तिमा शिक्षाशास्त्रमा स्नातक र माध्यमिक तहको लागि कम्तिमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह उतीर्ण गरेको गाउँपालिकाबाट सूचीकृत व्यक्तिहरु र

गाउँपालिकाबाट सूचीकृत नहुँदा सम्म जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, रुकुम पूर्वबाट सूचीकृत व्यक्ति सम्झनु पर्छ ।

- "**परीक्षा केन्द्र**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको परीक्षा केन्द्र सम्झनु पर्छ ।
- "**शिक्षक छनौट समिति**" भन्नाले परिच्छेद-२ मा व्यवस्था भएअनुसार शिक्षक छनौट समितिलाई सम्झनु पर्छ ।
- "**शिक्षा, युवा तथा खेलकुद शाखा**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।
- "**अनुमति**" भन्नाले पुथा उत्तरगंगा गाउँपालिकाबाट विद्यालयलाई करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि विज्ञापन गर्न दिइएको अनुमतिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## शिक्षक छनौट समिति

३. सामुदायिक विद्यालयमा रिक्त दरबन्दी तथा राहत अनुदान कोठामा करार तथा अस्थायी शिक्षक नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्न देहाय बमोजिम १ शिक्षक छनौट समिति रहने छ ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- **अध्यक्ष**

ख. शिक्षा अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख प्रतिनिधि- **सदस्य**

ग. माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षा शास्त्रमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षा शास्त्रमा कम्तिमा स्नातह तह उत्तीर्ण गरेको व्यक्तिहरु मध्येबाट उपलब्ध भएसम्म १ जना महिला समेतको प्रतिनिधित्व हुनेगरी गाउँपालिकाबाट सूचीकृत भएको विज्ञ मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको २ जना विषय विज्ञ -**सदस्य**

घ. प्रधानाध्यापक -**सदस्य सचिव**

३.१. प्रारम्भिक बालविकास कक्षा सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगी कर्मचारी छनौट गर्दा निम्नानुसारको छनौट समिति हुनेछ ।

क. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -**अध्यक्ष**

ख. शिक्षा अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख प्रतिनिधि - **सदस्य**

ग. विषय विज्ञ १ जना- **सदस्य**

- ✓ प्रारम्भिक बालविकास कक्षा सहजकर्ताका लागि आधारभूत तहको ६-८ मा स्थायी नियुक्ति लिई ५ वर्षसम्म निरन्तर सेवा गरेको शिक्षकको विज्ञको सूचिमा नाम भएको व्यक्ति ।
- ✓ विद्यालय सहायक कर्मचारीका लागि कम्तिमा व्यवस्थापन विषय वा अर्थशास्त्र मूल विषय लिई स्नातक तह उतीर्ण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले मनोनित गरेको गाउँपालिका भित्रको कुनै कर्मचारी ।
- ✓ विद्यालय सहयोगीको लागि आधारभूत तह कक्षा १-५ स्थायी नियुक्ति लिई ५ वर्षसम्म निरन्तर सेवा गरेको शिक्षकको विज्ञको सूचिमा नाम भएको व्यक्ति ।

✓ सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

४. शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

५. शिक्षा, युवा तथा खेलकुद शाखाले सूचीकृत विज्ञहरु मनोनयन गर्दा सम्बन्धित विद्यालयको शिक्षकलाई विज्ञको रुपमा मनोनयन गर्न पाईने छैन ।

६. गाउँपालिकाबाट स्वीकृत गरिएको यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## परीक्षा, अन्तर्वार्ता तथा सिफारिस प्रक्रिया

**७. परिच्छेद-२** बमोजिम शिक्षक छनौट समितिको व्यवस्था गर्ने क्रममा दफा-६ मा भएको प्रयोजनका लागि गाउँपालिकाबाट सूचीकृत विषय विशेषज्ञ हुनु पर्नेछ । शिक्षा शाखामा सबै विशेषज्ञ सूचीकृत नभएको अवस्थामा अन्य पालिकाका विशेषज्ञलाई शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा विशेषज्ञको रुपमा नियुक्ति गर्न सकिनेछ ।

८. शिक्षक पदपूर्तिका लागि रिक्त पदमा विज्ञापन प्रकाशन गर्नका लागि गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

९. शिक्षक नियुक्ति गर्दा प्रचलित शिक्षा नियमावलीअनुसार स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनु पर्नेछ । तर माथिल्लो तहको अनुमति पत्र लिएकोले तल्लो तहको अनुमति पत्र आवश्यक पर्ने छैन ।

१०. महिला तथा अपाङ्ग कोटा भनि उल्लेख गरिएको दरबन्दी वा शिक्षक अनुदान कोटामा महिला तथा अपाङ्गमात्र प्रतिस्पर्धा हुने गरी विज्ञापन प्रकाशन गर्नु पर्नेछ र सोहीअनुसार नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

११. विद्यालयमा जुनसुकै कारणबाट पद रिक्त भई शिक्षक नियुक्ति गर्नुपर्दा शिक्षा नियमावलीको नियमानुसार अनिवार्य रुपमा तोकिएअनुसार योग्यता पुगेको मध्येबाट नियुक्ति गर्नु पर्नेछ । साथै, आधारभूत तह (१-५) को शिक्षक विज्ञापन गर्दा उक्त विद्यालयमा महिला शिक्षक नभएको खण्डमा अनिवार्य रुपमा महिला शिक्षक नै नियुक्ति गर्ने गरी विज्ञापन गर्नु पर्नेछ ।

**१२. आधारभूत तथा माध्यमिक तह शिक्षकको लागि आवश्यक शैक्षिक योग्यता :**

क. आधारभूत तह (१-५) - न्यूनतम प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण ।

ख. आधारभूत तह (६-८) - न्यूनतम प्रमाणपत्र तह उत्तीर्ण वा १२ कक्षा उत्तीर्ण ।

ग. माध्यमिक तह (९-१०) - न्यूनतम स्नातक तह उत्तीर्ण ।

घ. विद्यालय सहायक कर्मचारीको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित/ अर्थशास्त्र / व्यवस्थापन संकाय मध्ये कुनै एक विषय लिई स्नातक तह वा सोसरह योग्यता पुगि रजिष्टर संस्थाबाट कम्प्युटर तर्फ न्यूनतम ६ महिने कोर्ष पुरा गरेको ।

ङ. प्रारम्भिक बालविकास सहजकर्ता (शिक्षक) को लागि सोहि स्थानिय तहको स्थायी रुपमा बसोबास गर्दै आएका २१ वर्ष देखि माथी ४५ वर्ष ननाघेका विबाहित महिला साथै मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको ।

च. माध्यमिक तहको विद्यालय सहयोगीको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C/S.E.E तथा आधारभूत तहको लागि कक्षा ८ उत्तीर्ण गरि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१३. शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमअनुसार अनिवार्य रुपमा लिखित तथा मौखिक परीक्षा लिईनेछ । उक्त लिखित परीक्षा सामान्य परीक्षाबाट सफल भएका उम्मेदवारलाई मात्र विषयगत परीक्षामा समावेश गराईनेछ । सामान्य परीक्षामा जम्मा १०० पूर्णाङ्कमा ५० प्रतिशत अङ्क उर्तिणाङ्क रहनेछ । साथै विषयगत परीक्षा १०० पूर्णाङ्कमा ४० पूर्णाङ्क उर्तिणाङ्क रहनेछ । अन्तर्वार्ता तथा आवश्यकताअनुसार प्रयोगात्मक परीक्षासमेत सञ्चालन गरिने छ । अन्तर्वार्ताको लागि बढीमा ७० प्रतिशत र कम्तिमा ३५ प्रतिशतभन्दा कम अङ्क दिन पाईने छैन । यदि उल्लेखित अङ्कभन्दा घटि वा बढि दिनुपरेमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ । यदि कुनै कारणवश उजुरी परि सम्पूर्ण कागजात झिकाउनुपर्ने हुँदा लिखित परीक्षाको उत्तर पुस्तिकाहरु कम्तिमा ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

१४. आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) को शिक्षक नियुक्ति गर्दा छनौट समितिले विषयगत विशेषज्ञको व्यवस्था अनिवार्य रुपमा गर्नु पर्नेछ ।

१५. विद्यालयमा रिक्त कुनैपनि प्रकारको शिक्षकको नियुक्तिका लागि शिक्षक आयोग नियमावली, २०५७ (संशोधन सहित) अनुसार योग्यता पुगेका व्यक्तिमात्र उम्मेदवार हुनुसक्ने छन् । उम्मेदवारको उमेर गणना गर्दा दरखास्त दिने अन्तिम मितिलाई आधार बनाई गणना गर्नु पर्नेछ ।

१६. विज्ञापन गरिएको शिक्षक पदको लागि प्रतिस्पर्धामा भाग लिने उम्मेदवारले शिक्षा नियमावली अनुसारको कागजात निवेदनसाथ पेश गर्नु पर्नेछ । प्रकाशित विज्ञापन उपर दरखास्त दिने उम्मेदवारले आफ्नो सक्कल कागजात साथमा ल्याउनु पर्नेछ र सोही समयमा कागजातको छानबिन गरी उपयुक्त ठहरेमा मात्र दरखास्त लिईनेछ । छानबिन गर्दा नक्कली ठहरिएमा सम्बन्धित व्यक्तिका अतिरिक्त छनौट समितिसमेत कारबाहीको भागेदार हुनेछ ।

१७. छनौट समितिले सिफारिस गरेको व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको समेत नामावली प्रकाशन गर्नु पर्नेछ ।

१८. विद्यालय व्यवस्थापन समितिले करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिरी भएको जानकारी यथाशीघ्र गाउँ कार्यपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

१९. शिक्षक छनौट समितिले नियुक्तिको सिफारिस गरेको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले अन्तिम नामावली प्रकाशन गरेको मितिले ७ दिनभित्र ६ महिनाको लागि करार नियुक्ति दिनु पर्नेछ । ७ दिनभित्र नियुक्ति लिन नआएमा वैकल्पिक उम्मेदवारलाई ६ महिनाको लागि करार नियुक्ति दिनु पर्नेछ ।

२०. शिक्षक नियुक्ति सम्पुर्ण प्रक्रिया ३५ दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ । उक्त अवधिभित्र शिक्षक नियुक्ति प्रक्रिया सम्पन्न हुन नसकेमा पहिला लिएको अनुमति स्वतः रद्द हुनेछ ।

२१. नियुक्ति अभिलेख जनाउनका लागि फाईल पेश गर्दा शिक्षक नियुक्तिसँग सम्बन्धित कागजात र निर्णय प्रतिलिपी तथा विज्ञापन टाँस गरेको मुचुल्काको सक्कल पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमतिपत्रको प्रतिलिपी र यस कार्यालयले शिक्षक राख्न दिएको अनुमति पत्रको प्रतिलिपीको साथै तोकिएबमोजिमको शुल्क तिरेको रसिद वा भौचर शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

२२. सोही विज्ञापन स्थानीय पत्रिकामा अनिवार्य रुपमा प्रकाशित गर्नु पर्नेछ ।

२३. उपरोक्त बमोजिम आवश्यक प्रक्रिया पूरा नभई पेश हुन आएको उक्त फाईल शिक्षा शाखाको अभिलेखमा जनाईने छैन ।

२४. शिक्षक सेवा आयोगको करार योग्यता सूचिमा उल्लेख भएबमोजिमका उम्मेदवारहरुमध्ये माथिल्लो योग्यता सूचीमा पर्ने उम्मेदवारले विज्ञापन हुँदा निवेदन पेश गरेमा सूचि र उम्मेदवारको विवरण भिडाई नियुक्ति सम्बन्धी व्यवस्था मिलाउनु पर्नेछ ।

२५. विद्यालयले शिक्षक नियुक्ति गरी अभिलेख जनाउन ल्याउँदा प्रति शिक्षक आधारभूत तहको लागि रु १०००, माध्यमिक तहको लागि रु १५००, प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय सहायकका लागि रु १००० साथै विद्यालय सहयोगीका लागि रु ५०० गाउँपालिकाको शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

२६. शिक्षक तथा कर्मचारी नियुक्तिका लागि गाउँपालिकाबाट अनुमति लिई विज्ञापन गर्दा कम्तिमा १५ दिनको समय दिनु पर्ने र विज्ञापन सम्बन्धी सूचना सम्बन्धित गाउँपालिका, सम्बन्धित वडापालिका तथा विद्यालयमा टाँस गरी मुचुल्का खडा गरी राख्नु पर्नेछ । साथै यस्तो सूचना स्थानीय पत्रपत्रिका वा एम एम बाट सूचना प्रवाह गर्नु पर्नेछ ।

२७. करार शिक्षक नियुक्ति भई विद्यालयमा हाजिरी भएको जानकारी यथाशीघ्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

# परिच्छेद-४
# विषय विज्ञको व्यवस्था

२८. शिक्षक नियुक्तिका लागि गाउँ शिक्षा समितिले निम्म प्रक्रिया पूरा गरी विषयविज्ञ सूचीकृत गर्नेछ ।

२८.१ विषयविज्ञ सूचीकृतका लागि गाउँपालिकाले १५ दिनको समयावधि दिएर तपसिल अनुसार योग्यता भएका स्थायी शिक्षकहरुबाट निवेदन माग गरी लिखित वा अन्तर्वार्ता परीक्षा लिई उत्तीर्ण व्यक्तिहरुलाई विषयविज्ञको रुपमा सूचीकृत गर्नेछ ।

**क. प्रारम्भिक बालशिक्षा कक्षाका सहजकर्ता र आधारभूत तह(१-५) का लागि शिक्षक छनौट विज्ञमा हुनका लागि निम्नानुसार योग्यता पुगेको हुनु पर्नेछ ।**

अ. आधारभूत तहको ६-८ मा स्थायी नियुक्ति लिई ५ वर्षसम्म निरन्तर सेवा गरेको शिक्षक ।

आ. शिक्षा विषयमा स्नातक तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातक गरी तालिम प्राप्त शिक्षक ।

इ. कम्तिमा नि मा वि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**ख. आधारभूत तहको ६-८ र माध्यमिक तहको ९-१० शिक्षक छनौटमा विज्ञको रुपमा सूचीकृत हुनको लागि निम्नानुसार योग्यता पुगेको हुनुपर्नेछ ।**

अ. माध्यमिक तह अन्तर्गत कम्तिमा मा वि तहमा स्थायी नियुक्ति लिई ५ वर्षसम्म निरन्तर सेवा गरेको विषयगत शिक्षक ।

आ. शिक्षा विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त शिक्षक ।

इ. कम्तिमा मा वि तहको स्थायी अध्यापन पत्र प्राप्त गरेको ।

२९. विषय विज्ञमा हुन चाहने शिक्षकले गाउँपालिकाको शिक्षा शाखामा आवेदन गर्दा रु १००० को आवेदन दस्तुरसहित तपसिल अनुसार कागजपत्रको प्रतिलिपी र सक्कल प्रमाणपत्र अनिवार्य रुपमा गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

ख. सबै शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

ग. स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।

घ. अध्यापन अनुमति पत्र प्रतिलिपी ।

ङ. अनुभव सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपी ।

च. Bio-Data ।

३०. विद्यालयहरुले शिक्षक नियुक्ति गर्न विज्ञ छनौट गर्दा गाउँपालिकाबाट सूचीकृत मध्येबाट गर्नु पर्नेछ । गाउँपालिकाबाट विज्ञ सूचीकृत नहुँदासम्म शिक्षा विकास तथा समन्वय इकाई, रुकुम पूर्वमा सूचीकृत

भएको विज्ञबाट लिन सकिनेछ । विषय विज्ञमा सूचीकृतका लागि ईच्छुक अन्य गाउँपालिकाको योग्यता पुगेका शिक्षकहरुले पनि आवेदन दिन सक्ने छन् ।

३१. विषयविज्ञको नाम गाउँपालिकाले सूचीकृत गरी अभिलेख राख्नु पर्नेछ ।

३२. विषयविज्ञको पदावधि ३ वर्षको हुनेछ ।

## परिच्छेद-५
## अस्थायी दरबन्दीको पदपूर्ति गर्ने सम्बन्धी व्यवस्था

३३. गाउँ शिक्षा समितिले गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुमा स्थायी शिक्षकले राजीनामा दिई वा अन्य कारणबाट पद रिक्त हुन आएको शिक्षक दरबन्दी राहतसमेत र प्रारम्भिक बालविकास सहजकर्ताको निम्ति शैक्षिक वर्ष सुरु हुनु अगावै वा रिक्त भएका विषयहरुमा लिखित तथा अन्तर्वार्ता परीक्षा सञ्चालन गरिनेछ ।

क. शिक्षक सेवा आयोगमा परीक्षामा सामेल भई असफल भएका तथा उक्त परीक्षामा सामेल नभई सुविधा रोजेका शिक्षक अवकास भई रिक्त रहन आएको दरबन्दीमा गाउँशिक्षा शाखाबाट शिक्षक छनौटको व्यवस्था गरी आवश्यक्ताअनुसार विद्यालयमा पदस्थापन गर्ने साथै गाउँशिक्षा शाखामा दरबन्दी पूलमा राखि आवश्यक विद्यालयमा दरबन्दी मिलान समितिको सिफारिस, गाउँशिक्षा समिति र गाउँ कार्यपालिकाको निर्णय बमोजिम शिक्षक खटाउन सकिनेछ ।

३४. यस कार्यविधिको बुँदा नं.३३ बमोजिम छनौट भई सूचीकृत भई योग्यताक्रममा रहेका व्यक्तिहरुलाई क्रमाङ्क आवश्यक विषयगत योग्यताका आधारमा समेत नयाँ शैक्षिक सत्र सुरु भएको वर्षको ज्येष्ठ महिनाको १५ गतेभित्र रिक्त हुन आउने पदमा करार नियुक्तिका लागि गाउँशिक्षा शाखाबाट करार नियुक्त गरिनेछ ।

१. यस कार्यविधिको बुँदा नं ३४ बमोजिम करार नियुक्ति भएको अस्थायी शिक्षक दरबन्दीको हकमा स्थायी दरबन्दीमा छनौट भई शिक्षक दरबन्दी मिलान भएको अवस्थामा अस्थायी शिक्षक करार नियुक्ति स्वतः बदर हुनेछ ।

२. परिच्छेद नं ५ बमोजिमको परीक्षा सञ्चालन गर्नका लागि गाउँशिक्षा समितिको अध्यक्षको सहमतिमा देहाय बमोजिम शिक्षक छनौट समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत -**संयोजक**

ख. सम्बन्धित तह तथा विषयको लागि सम्बन्धित तह तथा विषयको विज्ञ - कम्तिमा २ जना बढिमा आवश्यकताअनुसार हुनेछ - **सदस्य**

ग. शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख प्रतिनिधि - **सदस्य सचिव**

३५. यस कार्यविधि संशोधन भएको मितिदेखि अस्थायी वा करार शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको परीक्षासम्बन्धी सम्पूर्ण कार्य गाउँपालिका शिक्षा शाखामार्फत हुनेछ ।

## परिच्छेद-६
## विविध

३६. शिक्षक, कर्मचारी छनौट समितिका पदाधिकारी र विषयविज्ञको प्रति व्यक्ति पारिश्रमिक निम्नानुसार सम्बन्धित विद्यालयले व्यवस्था गर्नुपर्नेछ ।

क. विद्यालय सहयोगी छनौटका लागि रु १०००।

ख. प्रारम्भिक बालविकास सहजकर्ताको लागि रु १५००।

ग. विद्यालय सहायक कर्मचारीका लागि रु २०००।

घ. आधारभूत तह (१-५) शिक्षकका लागि रु ३०००।

ङ. आधारभूत तह (६-८) र माध्यमिक तह (९-१०) का लागि रु ४०००।

३७. यस कार्यविधिअनुसार कार्यसम्पादन द्विविधा भएमा वा बाधा उत्पन्न भएमा गाउँपालिका, गाउँ कार्यपालिका र गाउँशिक्षा शाखाले निर्णय गरेअनुसार हुनेछ ।

३८. यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावलीमा व्यवस्थाभएअनुसार हुनेछ ।

३९. यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान, ऐन, कानुन संविधानसँग बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ ।